## मिति २०७५ असार ८ गतेको कार्यपालिका वैठकका निर्णयहरुः

१. यस नगरपालिकाको लोगोमा तपशिलका विवरणहरु रहनेगरी स्विकृत गर्ने ।

क. लोगोको बाहिरी भाग वीरेन्द्रनगर नगरपालिकाको १६ वटै वडाहरु देखिने भौगोलिक नक्शालाई गोलाकार भित्र राखिनेछ ।

ख. लोगोको तल्लो खण्डमा महिला र पुरुषको दुइ हातले नगरपालिकाको नक्शा उठाएको हुने र सो माथी भित्रि भागमा घण्टाघरको माथिल्लो शिरमा नेपालको दुइवटा राष्ट्रिय झण्डा रहनेछ ।

ग. लोगोको माथिल्लो खण्डमा १६ वटा लालिगुराँसको फुल रहनेछ ।

घ. लोगोको तल्लो खण्डमा हरियो धान रहनेछ ।

ङ. लोगोको क्षेउमा पृष्ठ हरियालि जंगल रहने छ र लोगोको विचमा निलो आकाश र सेतो वादल रहनेछ ।

च. लोगोको माथिल्लो खण्डमा नेपालिमा "वीरेन्द्रनगर नगरपालिका सुर्खेत " र तल्लो खण्डमा "कर्णाली प्रदेश नेपाल" रहनेछ ।

छ. लोगोको नमुना यस प्रकार रहनेछ ।

२. आर्थिक विकास समितिबाट विधेयक समिति मार्फत पेश हुन आएको सार्वजनिक निजि साझेदारी विधेयक २०७५ संसोधन सहित स्वीकृतिका लागी आगामि नगरसभामा पेश गर्ने ।

३. राजश्व परामर्श समितिबाट विधेयक समिति मार्फत पेश हुन आएको सार्वजनिक आर्थिक विधेयक २०७५ संसोधन सहित स्वीकृतिका लागी आगामि नगरसभामा पेश गर्ने ।